माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौँ, नेपाल

नेपाल सरकार
Government of Nepal

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

## शुभकामना सन्देश

३६औँ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा समाजका अगाध अनुभवी, ज्ञानका मूल स्तम्भ तथा परिवार, समाज र राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका सम्पूर्ण ज्येष्ठ नागरिकहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै सुस्वास्थ्य, सुख, शान्ति तथा दीर्घ जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछु।

सन् १९९० मा संयुक्त राष्ट्रसंघको महासभाले अक्टोबर १ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा घोषणा गरेपश्चात् हरेक वर्ष विभिन्न सान्दर्भिक नारासहित यो दिवस मनाउँदै आइएको छ। यस वर्षको मूल नारा "The Age of Longevity: Rethinking Systems for Longer Lives" अर्थात् "दीर्घायुको युगः दीर्घ जीवनका लागि जीवन पद्धतिमा पुनर्विचार गरौँ" रहेको छ। दीर्घ जीवन उमेरको निरन्तरता मात्र नभई ज्ञान, अनुभव, सीप, संस्कार, सभ्यता र योगदानको अमूल्य सम्पदा हो।

बदलिँदो पारिवारिक संरचना, सामाजिक परिवेश तथा आधुनिक जीवनशैलीका कारण ज्येष्ठ नागरिकको स्वास्थ्य, सामाजिक सुरक्षा, संरक्षण, हेरचाह तथा एक्लोपनका विषयहरू थप चुनौतीपूर्ण बन्दै गएका छन्। नेपाल सरकारले संविधान तथा प्रचलित कानूनबमोजिम ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा, स्वास्थ्य, संरक्षण तथा हेरचाहसम्बन्धी कार्यक्रम तथा सेवा प्रदान गर्दै आएको छ। ज्येष्ठ नागरिकलाई केवल संरक्षणको विषयका रूपमा नभई ज्ञान, अनुभव र सामाजिक सम्पदाका रूपमा सम्मान गर्दै उहाँहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु हाम्रो साझा दायित्व हो।

यसै वर्ष भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा विपद्का कारण ज्यान गुमाउनुभएका ज्येष्ठ नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा प्रभावित ज्येष्ठ नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापनाका लागि मन्त्रालयले आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछु।

यसै क्रममा डिजिटल प्रविधिको उपयोगमार्फत ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवको अभिलेखीकरण तथा पुस्तान्तरण गर्दै "ज्येष्ठ नागरिक अनुभव बैंक" स्थापना गरी संस्थागत विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। ज्येष्ठ नागरिकको सम्मान, संरक्षण र अधिकारलाई व्यवहारमा रूपान्तरण गर्दै उहाँहरूको जीवनलाई सुरक्षित, मर्यादित, सक्रिय र अर्थपूर्ण बनाउन सबैमा हार्दिक अनुरोध गर्दछु।

३६औँ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको हार्दिक शुभकामना!

असोज, २०८३
नेपाल संवत् ११४६

(सिता बादी)
मन्त्री

मा. सिता बादी
मन्त्री

फोन नं. : ४२००२८०/४२११९२/४२००१५३, इमेल : info@mowcsc.gov.np | वेबसाइट : www.mowcsc.gov.np
Phone.: 4200280/4211192/4200153, Email: info@mowcsc.gov.np | Website: www.mowcsc.gov.np